प्रस्तावहरुः

१. हिउँदे अधिवेशनको मिति तय सम्बन्धमा।
२. समपुरक र विशेष अनुदान सम्बन्धमा।
३. सुचिकृत सम्बन्धमा।
४. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजनाको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।
५. भ्याक्सिनेटर नियुक्ति गरी परिचालन गर्ने सम्बन्धमा।
६. मकैबाली पकेट विकास कार्यक्रम सम्बन्धमा।
७. पुन ठेक्का खोल्ने सम्बन्धमा।
८. आयोजना सम्वन्धमा।
९. न्यायिक समितिका पदाधिकारीको सिकाई आदान प्रदान भ्रमण सम्वन्धमा,
१०. विविध सम्बन्धमा।

**निर्णयहरुः**

१. ऐरावती गाउँपालिकाको हिउँदे गाउँ सभा मिति २०८१ फागुन ११ गते ऐरावती गाउँपालिकाको सभाहलमा गर्ने र सभामा देहाय बमोजिमको योजना तथा कार्यक्रम थप तथा रकमान्तरको लागि पेश गर्ने निर्णय गरियो।

| क.सं. | रकमान्तर गर्ने | | रकमान्तर गरी ल्याउने | |
|---|---|---|---|---|
| | बजेट शीर्षक | रकम | शीर्षक | रकम |
| १ | नहखोला अधुरो सिंचाई निर्माण-३ | १०००००।०० | बिरौटा पुनापाटा सिंचाई कुलो निर्माण-३ | १०००००।०० |
| २ | छापे राजु देखि भेडा पोखरी मोटरबाटो निर्माण-३ | ३०००००।०० | गणेश प्रा.वि.भवन पलाष्टर-३ | २०००००।०० |
| | | | वाल विवाह न्यूनिकरण सम्बन्धि कार्यक्रम सञ्चारमाध्यम मार्फत | १०००००।०० |
| ४ | खारा खानेपानी निर्माण-३ | १०००००।०० | सल्लेरी खानेपानी मर्मत-३ | १०००००।०० |
| ५ | कृत्रिम गर्भाधान कार्यक्रम | ८००००।०० | भ्याक्सिनेटर पारिश्रमिक | १८००००।०० |

| | | | | |
|---|---|---|---|---|
| | सञ्चालनको लागि आवश्यक सामाग्री खरिद<br>१ दिने वडा स्तरीय कृत्रिम गर्भाधान सम्बन्धि अभिमुखिकरण कार्यक्रम | १२००००।०० | | |
| ६ | मढाई सिनेटा मो.बा निर्माण-६ | ३०००००।०० | ऐटारी तिलारी प्रतिक्षालय निर्माण -६ | १५००००।०० |
| ७ | | | जिमुरे दमाईखर्क सिंचाई योजना खरिद -६ | १०००००।०० |
| ८ | | | रहखोला गहतेरा खा.पा.टंकि निर्माण-६ | ५००००।०० |
| ९ | बगुवा खेत देखि झो.पु. सिंचाई कुलो मर्मत | ३०००००।०० | भर्भु सिंचाई कुलो मर्मत | ३०००००।०० |
| १० | चौवाटी गैरावारी वगैचा मोटर बाटो निर्माण-४ | ५००००।०० | खत्रिटोल गोरेटो वाटो सिढि निर्माण-४ | ५००००।०० |
| ११ | हर्नाघाटा टाकुरा मोटरबाटो निर्माण-४ | १०००००।०० | हर्नाघाट जनकल्याण आ.वि.मर्मत-४ | ३०००००।०० |
| १२ | जनकल्याण आ.बि. मोटरबाटो मर्मत-४ | २०००००।०० | | |
| १३ | पालुकाथान भल निकास-१ | १०००००।०० | पालुसिद्ध प्रा.वि. दाङवाङ विद्यालय मर्मत-१ | १०००००।०० |
| १४ | जेष्ठ नागरिक सम्मान कार्यक्रम-१ | १०००००।०० | आधारभुत तह परिक्षा ब्यवस्थापन | १०००००।०० |
| १५ | रैथाने बाली संरक्षण-१<br>कृषक समुह तथा कृषक समुहलाई आधारभुत तालीम-१ | १०००००।००<br>१०००००।०० | वडा स्तरीय खानेपानी पाईप खरिद-१ | २०००००।०० |
| १६ | प्रधानमन्त्रि रोजागार कार्यक्रमको लागि निर्माण सामाग्री खरिद<br>पारिश्रमिक कर्मचारी | ५०००००।००<br>३०००००।०० | गाउँपालिका अगाढी अधुरो पक्किबाटो निर्माण | ८०००००।०० |
| १७ | माझिदमार सिंचाई कुलो मर्मत-१<br>रत्नेखोला सात्तले सिंचाई | १०००००।००<br>१०००००।०० | रत्नेखोला माझिदमार सात्तले सिंचाई कुलो निर्माण-१ | २०००००।०० |

| | | | | |
|---|---|---|---|---|
| | कुलो मर्मत -१ | | | |
| १८ | थारुखोला कटुवा सिंचाई कुलो मर्मत -१ | १०००००।०० | थारुखोला गुहा विसौना कटुवा सिंचाई कुलो मर्मत -१ | रु २०००००।०० |
| | थारुखोला गुह्य विसौना सिंचाई कुलो मर्मत-१ | | | |
| १९ | पालुसिद्ध प्रा.वि. मर्मत तथा ब्यवस्थपन वडा नं.-१<br>महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका सम्मान कार्यक्रम | १०००००।००<br><br>५००००।०० | महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकालाई सामाग्री वितरण तथा सम्मान कार्यक्रम वडा नं.-१ | १५००००।०० |

२. आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि संघ तथा प्रदेश सरकारसँग तपसिलका योजनाहरुको लागि अनुदान माग गर्ने निर्णय गरियो।

तपसिलः

- संघीय विशेष अनुदानको लागि
  - पोषण मैत्री नमुना टोल विकास कार्यक्रम
  - कुटिलेख पर्यटन प्रर्वद्धन
  - खरको छाना विस्थापन कार्यक्रम

- संघीय समपुरक अनुदानको लागि (प्रतिशत लागत साझेदारी)
  - चुकाह छेडाघाट ऐरावती सडक स्तरोन्नती ऐरावती गा.पा.-१ (थप रकम माग गर्ने।
  - महिला वालवालिका तथा जेष्ठ नागरीक संरक्षण केन्द्र ऐरावती गा.पा.-५
  - बैरेनी उदिक खम्चि खैरा सडक स्तरोन्नती तथा नयाँ ट्र्याक निर्माण ऐरावती गा.पा-५ र ६
- प्रदेश समपुरक अनुदानको लागि ( चालीस प्रतिशत लागत साझेदारी)
  - ऐरावती खेल मैदान निर्माण ऐरावती-५
  - हरियाखोला जाबुने सडक स्तरोन्नती ऐरावती-३

- ○ बरौला नेपाने रानीबास माझिदमार सडक स्तरोन्नती ऐरावती-१र२
- ▪ <u>प्रदेश विशेष अनुदानको लागि</u>
  - ○ एक घर एक धारा कार्यक्रम
  - ○ लोपोन्मुख कुसुन्डा र गन्धर्व जातीको आयआर्जन वृद्धिका लागि विशेष कार्यक्रम

३. ऐरावती गाउँपालिका भित्र वित्तिय सेवा पुराउनको लागि मिति २०८१/१०/२० गते उपकार लघुवित्त वित्तिय संस्थाले सूचिकृत गरिदिन आग्रह गर्दै दिएको निवेदनमा आवश्यक छलफल गरी ऐरावती गाउँपालिका वडा नं. ४ को सिफारिस पत्र अनुसार सुचिकृत गर्ने निर्णय गरियो।

४. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजनाको लागि ऐरावती गाउँपालिका वडा नं. ५ मा रहेको महेन्द्र मा.विको भवन संरचना निर्माणको लागि प्रस्ताव पेश गर्ने र आवश्यक साझेदारी रकम ५ प्रतिशत गाउँपालिकाले साझेदारीको रुपमा लगानी गर्ने निर्णय गरियो।

५. ऐरावती गाउँपालिका भित्रका पशुपन्क्षिहरुलाई भ्याक्सिनेसन गर्नको लागि मिति २०८१/०९/१४ गतेको सूचना अनुसार निवेदन परेका तपसिलका भ्याक्सिनेटरलाई तपसिल बमोजिम खटाउने निर्णय गरियो।

| क्र.स. | नाम/थर | खटाईएको वडा नं. |
|---|---|---|
| १ | प्रकाश नेपाली | वडा नं. १ |
| २ | रचना नेपाली | वडा नं. २ |
| ३ | बिनोद कडेल | वडा नं. ३ |
| ४ | राम बहादुर भण्डारी | वडा नं. ४ |
| ५ | दुर्ग बहादुर घर्ती | वडा नं. ५ |
| ६ | बबिन थापा | वडा नं. ६ |

६. ऐरावती गाउँपालिका कृषि विकास शाखाको संघीय सशर्त अन्तर्गतको आ .व.२०८१/०८२ मा नयाँ मकैबाली पकेट विकास कार्यक्रमको लागि मिति २०८१/०७/२३ गते प्रथम पटक सूचना प्रकाशित गरेकोमा कुनै पनि आवेदन नपरेको र दोस्रो पटक मिति २०८१/०८/२४ गते सूचना प्रकाशन गरेकोमा एक मात्र आवेदन परेको र स्थलगत मूल्यांकन गर्दा पनि कार्यान्वयन गर्न उपयुक्त देखिएकोले श्री ऐरावती बहुउद्देश्यीय सहकारी संस्था लि- ऐरावती .२ प्युठानलाई छनौट गर्ने निर्णय गरियो।

७. ऐरावती गाउँपालिका अन्तर्गत संघिय समपुरक अनुदान तर्फको चुकाह जुडाँ ऐरावती सडकको पहिलो ठेक्का बाट बचेको रकम र संघिय शर्शत अनुदान अन्तर्गत नमुना विद्यालय कार्यक्रम तर्फ मोती माध्यमिक विद्यालयम ऐरावती - २ बरौलाको पहिलो ठेक्का बाट बचेको रकमको पुन ठेक्का खोल्न पूर्वाधार शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

८. ऐरावती गाउँपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्विनी प्रदेश सरकारसँगको विशेष अनुदानमा विनियोजित बडखोला वस्ति संरक्षण आयोजनामा मेसिन प्रयोग नहुने भएकोले स्थानीय स्तरमा रोजगारी श्रृजना गर्ने गरी स्थानीय उपभोक्ता मार्फत निर्माणको प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

९. न्यायिक समितिको कामलाई अझै बढी प्रभावकारी रुपमा सम्पादन गर्न अन्य पालिकाका न्यायिक समितिको काम कारवाहीको अनुभव आदान प्रदान गर्न न्यायिक समितिका पदाधिकारीलाई भ्रमणमा लैजानु आवश्यक देखिएकोले उपाध्यक्ष न्यायिक पहुँच कार्यक्रमवाट रु.१,६०,०००।० मा नबढाई न्यायिक समितिका पदाधिकारीलाई भ्रमणमा लैजाने निर्णय गरियो।

१०. विविध

- ऐरावती गाउँपालिका अन्तर्गत आ.ले.प.शाखामा रहेको लु.१.ब १५५३ नम्बरको मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले ओम सप्लायर्स बिजुवारको ईष्टिमेट विल अनुसार मर्मत गर्नको लागि स्वीकृती दिने निर्णय गरियो।
- ऐरावती गाउँपालिकामा कार्यरत हलुका सवारी चालकको स्वास्थ्यमा देखिएको समस्याका कारण सवारी चलाउन नमिल्ने भएकाले मिति २०८१/०/११/०१ देखि लागु हुने गरी केही महिनाको लागि कार्यालयको दर्ता चलानी शाखामा काममा लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।
- ऐरावती गाउँपालिका अन्तर्गत पूर्वाधार शाखामा रहेको लु.AAA.8719 नम्बरको मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले पाण्डे मोटरसाईकल पार्टस एण्ड वर्कसप बरौलाको ईष्टिमेट विल अनुसार मर्मत गर्नको लागि स्वीकृती दिने निर्णय गरियो।
- जिल्ला ट्राफिक कार्यालय प्यूठानबाट यस ऐरावती गाउँपालिकामा खटिएका ट्राफिक प्रहरी प्रकाश नेपालीले प्रयोग गर्ने लु ८१ प ८१५५ नम्बरको मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले

शुभम राउत मोटरसाईकल सर्भिसिङ सेन्टर हरिगाउँको ईष्टिमेट विल अनुसार मर्मत गर्नको लागि स्वीकृती दिने निर्णय गरियो ।

- प्रेस चौतारी नेपाल जिल्ला शाखा प्यूठान र निजामती कर्मचारी संगठनको जिल्ला अधिवेशनको लागि आर्थिक सहायता वापत क्रमश रु १० हजार र १५ हजार उपलब्ध गराउने निर्णय गरियो ।
- ऐरावती गाउँपालिकाको सांस्कृतिक, पर्यटन प्रबद्धन र समंग्र विकास लगायत शिक्षा स्वास्थ्य कृषि लगायतका विविध विषयमा वृतचित्र निर्माण गरी प्रसारण गर्नको लागि सार्वजनिक सेवा प्रसारण एन टि.भि. कोहोलपुर बाँकेलाई रु २ लाख ५० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. २ वृहत बरौला लिफ्ट खानेपानीको विद्युत विस्तार गर्दा ऐरावती गाउँपालिका वडा नं. २ बाटादशमा भएको क्षतीको लागि शान्तराज ज्ञवालीको खेत संरक्षणको लागि रु २ लाख विपद् ब्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं.५ सराङवेसी निवासी इश्वर बहादुर के.सीको घरमा आवत जावत गर्नको लागि अपाङ्ग मैत्री सडक निर्माणको आवश्यकता देखिएकोले निर्माणको लागि ईष्टिमेट बनाई कर्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. ५ मा रहेको हरियाखोला पकला सिंचाई कुलो वर्षातका कारण भत्किएकोले तत्काल निर्माण गर्नुपर्ने भएकोले प्राविधक ईष्टिमेटका आधारमा विपद् ब्यवस्थापन कोषबाट भुक्तानी दिने गरी निर्माणको कार्य गर्न पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. २ जाडि गाउँमा विपन्न परिवारका ३ घरधुरीमा हालसम्म विद्युत जडान नभएकोले विद्युत जडानको लागि आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने गरी विद्युत वाइरिङ र मिटर जडानको काम गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं.२ मा रहेको स्वारीखोलामा आएको बाढीले वस्तिमा क्षती गरेकोले मेसेनरी पर्खाल निर्माणको लागि रु १० हजार विपद् ब्यवस्थापन कोषबाट भुक्तानि दिने गरी निर्माण गर्न पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।

- ऐरावती गाउँपालिका वडा नं. ३ ओम बहादुर टमटाको आर्थिक अवस्था कमोजर भएका कारण आखाँ उपचारको लागि लमही जान/आउनको लागि यातयात वापत आर्थिक सहायता शिषर्षकबाट रु ७ हजार उपलब्ध गराउने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. ३ कोलवाङमा रहेको कोलवाङ सामुदायिक स्वास्थ्य इकाईमा विद्युत जडानको लागि निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तानी दिने गरी विद्युत वाइरिङ र मिटर जडानको काम गर्नको लागि कोलवाङ सामुदायिक स्वास्थ्य इकाई प्रमुख पिमा भुषाललाई कार्यादेश दिने र्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. ३ अर्झाम रहेको अर्झाम सिंचाई कुलो विपद्का कारण पाईप बगेकोले विपद् ब्यवस्थापन कोषबाट पाईप खरिदको लागि रु २० हजार उपलब्ध गराउने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका अन्तर्गत वडा नं. १ का वडा सचिब श्री सितल सुबेदीले प्रयोग गर्ने लु.१ ब. ९६७ नम्बरको मोटरसाईकल र वडा नं. २ का वडा सचिब श्री कृष्ण बहादुर जि.सिले प्रयोग गर्ने रा.१ ब. ५८४ नम्बरको मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले पाण्डे मोटर पार्टस एण्ड सप्लायर्स बरौलाको ईष्टिमेट विल अनुसार मर्मत गर्नको लागि स्वीकृती दिने निर्णय गरियो ।

नविल विक्रम शाह
अध्यक्ष